धुलिखेल नगरसभाको नवौं अधिवेशनमा नगर प्रमुख

श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट

## मिति २०७८ असार ७ गते

# धुलिखेल नगरपालिका

## Dhulikhel Municipality

## नगर कार्यपालिकाको कार्यालय

धुलिखेल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

# धुलिखेल नगरपालिकाको नवौं नगर सभामा नगर प्रमुख श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठले प्रस्तुत गर्नु भएको बजेट नीति तथा कार्यक्रम

**शिक्षा तर्फको कार्यक्रमः-**

1. कोभिड १९ को महामारीका कारण प्रत्येक्ष विधिबाट विद्यार्थी सिकाइ सहजीकरण गर्न सकिने अवस्था नरहेसम्मका लागि अनलाइनको पूर्वाधार/पहुँच भएका विद्यार्थीका लागि अनलाइन पद्धतिबाट र अनलाइनको पहुँच नभएका विद्यार्थीका लागि रेडियो पाठशाला कार्यक्रम र सियुजी सिममार्फत फोनइन कार्यक्रम सञ्चालन गरी नियमित सिकाइ सहजीकरण गरी बालबालिकाले सिक्न पाउने हकको सुनिश्चितता गरेको छु।

2. विद्यालय शिक्षाको मुख्य कर्ता शिक्षक भएकोले उत्पे्ररित शिक्षकबाट नै अब्बल सिकाइ हुने हुँदा उत्प्रेरणाका माध्यमबाट आन्तरिक अनुशासन अभिबृद्धि गरी शिक्षा क्षेत्रको सुशासन प्रर्वद्धनमा ठोस उपलव्धि हासिल गरिनेछ। यसका लागि धुलिखेल शिक्षा ऐन २०७६ को दफा ३६ बमोजिम प्रधानाध्यापक नियुक्त गर्ने र निजसँग नगरपालिकाले करार सम्झौता गरी सिकाइ उपलब्धि वृद्धिको सुनिश्चितता गर्न विद्यालयका प्रअहरुलाइ सचार सुविधा तथा प्रदेश सरकारले उपलब्ध गराउँने प्रअ भत्ता बराबरको रकम थप दिने व्यवस्था मिलाएकोछु।

3. शिक्षण संस्थाको नक्सांकन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा गत वर्ष विद्यालय समायोजन र शिक्षक दरबन्दी मिलान सम्पन्न गरिएको छ। विद्यार्थी शिक्षक अनुपातका आधारमा बढि भएको प्राथमिक शिक्षक दरबन्दी मध्ये यस वर्ष २२ जना शिक्षकको दरबन्दी मिलान गरिसकिएको छ त्यसैगरी बाँकी मिलानमा पठाउनु पर्ने शिक्षक दरबन्दी रिक्त भएको आधारमा क्रमशः पठाइने छ।

4. माध्यमिक तहको विज्ञान गणित र अङ्ग्रेजी विषयको शिक्षक अभाव पूर्ति गर्न नगरपालिकाबाट गत आवदेखि गरिएको व्यवस्थालाई निरन्तरता दिइएकोछ। यस कार्यक्रमबाट शैक्षिक गुणस्तर सुधार हुनेछ।

5. वैज्ञानिक एवं बालमैत्री सिकाई क्रियाकलाप प्रवद्रधन गरी सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुनिश्चत गर्न जर्मन नेपाल सहयोग संघ र शैक्षिक सशक्तिकरण केन्द्रको साझेदारीमा वहुकक्षा वहुस्तर (MGML) शिक्षण पद्धति थप ६ विद्यालयमा विस्तार गरिने छ। यसबाट सो शिक्षण पद्धतिको सबै विद्यालयमा लागु पुग्नेछ।

6. ECD मा सहयोगी कार्यकर्ताहरुलाई थप प्रोत्साहन भत्ताको व्यवस्था गर्न संघीय सरकारलाई न्यूनतम पारिश्रमिक संघीय बजेटमा व्यवस्था गर्न ध्यानाकर्षण गराउँदछु।

7. साक्षर तथा नव साक्षरलाई निरन्तर शिक्षा कक्षाको सञ्चालन गर्दै सिकाई केन्द्र मार्फत नियमित पढाई सिप विकास गरिने छ।

8. साक्षर नगर घोषणा भईसकेको सन्दर्भमा सो को पहिचान स्वरुप उपयुक्त नगरको उपयुक्त स्थानमा साक्षरता स्तम्भ राख्ने व्यवस्था मिलाएको छु।

9. गत शैक्षिक सत्रबाट लागू गर्न खोजिएको भए तापनि कोभिड सङ्क्रमणको विषम परिस्थितिका कारण संभव बहु प्रतिभा पहिचान र विकास गरी विद्यार्थीको चौतर्फी विकासका लागि खेलकुद, सङ्गीत, कला, योगा, हस्त लेखन, चित्रकला साहित्य आदिका विधागत कक्षा सञ्चालनका लागि **यात्री शिक्षक**को ब्यवस्था गरिने छ।

10. **विद्यार्थीसंग मेयर कार्यक्रमलाई** थप प्रभावकारी बनाइ निरन्तर सञ्चालन गरिने छ। साथै मेयरसँग विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र अभिभावक अन्तक्रियाको व्यवस्था मिलाएको छु।

11. गत आवबाट सञ्चालन गरिएको धुलिखेल नगरपालिका भित्रका कलेजमा उच्च शिक्षा अन्तर्गत स्नातक तह अध्ययन गर्ने धुलिखेल नगरपालिकाका स्थायी वासिन्दालाई मासिक पढाइ शुल्क पूर्ण निःशुल्क र अन्य स्थानीय तह÷जिल्लाबाट धुलिखेलमा अध्ययन गर्ने विद्यार्थीका लागि कलेज र नगरपालिकाबाट लागत साझेदारीमा पचास प्रतिशत शुल्क मिनाहाको व्यवस्था यस वर्षसमेत निरन्तरता दिएको छु।

12. शैक्षिक गुणस्तर सुधारका लागि स्वच्छ प्रतिस्पर्धाको वातावरण कायम गर्न प्रत्येक वडामा कम्तिमा १/१ विद्यालयलाई नमूना विद्यालय बनाउने नीतिलाई निरन्तरता दिँदै बाँकी ३ वटा विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु। यस वर्ष वडामा कम्तिमा एक विद्यालय नगर नमूना विद्यालयको रुपमा विकास हुनेछ।

13. आवश्यकता र औचित्यताका आधारमा बाल विकास केन्द्रलाई पुनः वितरणको ब्यवस्था मिलाईने छ। सबै तहका शिक्षक व्यवस्थापनका लागि दरबन्दी मिलान र विद्यालय समायोजन लगायतका व्यवस्थापकीय कार्य नियमित रुपमा गर्ने व्यवस्था मिलाएको छु।

14. विद्यालयको शैक्षिक क्रियाकलापमा रहेको आधुनिक प्रविधिगत खाडल (Digital Gap) न्यूनीकरणका लागि कम्प्यूटर शिक्षकका लागि ICT Based तालिम प्रशिक्षणको ब्यवस्था मिलाइनेछ।

15. उत्प्रेरित विद्यार्थीले मात्र सहजरुपमा सिक्छन, सहज सिकाई वातावरण तयार गर्न स्वउत्प्रेरित शिक्षकले मात्र सिकाउँछन् भन्ने यथार्थलाई आत्मसाथ गर्दै शिक्षकलाई **स्वःउत्प्रेरणत्मक शैक्षिक जागरण कार्यक्रम सञ्चालन** गरिनेछ।

16. शिक्षक तालिमलाई खोज, अनुसन्धान तथा आवश्यकतामा आधारित बनाई नविनतम प्रविधी मैत्री बनाइने छ। गुणस्तरीय शैक्षिक कार्यक्रम सञ्चालनका लागि शिक्षकको पेशागत सुधारका लागि काठमाडौं विश्वविद्यालयसँग सहकार्य गरी कस्टमाइज्ड तालिमको व्यवस्था मिलाइनेछ।

17. कक्षा १_३ को स्थानीय पाठ्यक्रम गत शैक्षिक सत्रदेखि लागू भइसकेको र यस शैक्षिक सत्रबाट कक्षा ४_८ को स्थानीय पाठ्यक्रम पाइलटिङको रुपमा लागू हुनेछ भने स्थानीय पाठ्यक्रम अनुसार स्थानीय आवश्यकता अनुरुप व्यवहारिक र जीवनोपयोगी एवं सान्दर्भिक पाठ्यपुस्तकको विकास गरिनेछ।

18. निरन्तर विद्यार्थी मूल्यांङकनको प्रयोगलाई सुदृढीकरण गरी नगरस्तरीय परीक्षालाई थप विश्वसनीय र प्रभावकारी बनाइने छ। मूल्यांङकनको पद्दतिलाई शिक्षण सिकाई सुधारका लागि प्रयोग गरिने छ।

19. नेतृत्वको सवलीकरण, शिक्षण सिकाई प्राक्रियामा सुधार, पेशागत नैतिकताको प्रर्वद्धन र प्रविधिको उच्चतम प्रयोग गरी सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि गरिनेछ।

20. सिकाई उपलब्धि र कार्यसम्पादनका आधारमा शिक्षकलाई पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ। नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा कर्मचारीका क्षमता विकास गरिनेछ।

21. यस नगरपालिका भित्र रहेको काठमाण्डौ विश्वविद्यालयमा हुने उच्च शिक्षाका लागि धुलिखेल नगर क्षेत्रका विद्यार्थीहरुलाई अध्ययन कोटाको व्यवस्थालाई निरन्तरता दिईएको छ। विश्वविद्यालय र नगरपालिकाका बीचमा सुमधुर सम्वन्ध स्थापित गर्न नीतिगत पहल लिइनेछ। सार्वजनिक निजी साझेदारीको अवधारणामा एक कृषि तथा पर्यटनको व्यवसायिक विद्यालय स्थापना र संचालन गर्न पहल गरिने छ।

22. विद्यालयहरुमा न्यूनतम पूर्वाधारहरुको सुनिश्चितता गरिनेछ। यस आवमा सञ्जीवनी मावि धुलिखेल र पूर्ण सञ्जीवनी लङ्नामाई मावि धुलिखेलमा प्रदेश सरकारको सहयोगमा स्कुल बस सञ्चालनको व्यवस्था मिलाएको छु त्यसै गरी शङ्खेश्वर महालक्ष्मी मावि शङ्खुलाई डिजिटल प्रविधियुक्त विद्यालयको रुपमा विकास गर्ने व्यवस्था मिलाएको छु।

23. धुलिखेल नगरपालिकालाई आकर्षक शैक्षिक हवका रुपमा विकास गर्दै लगिने छ। साथै कृषि, पर्यटन लगायतका विषयगत क्षेत्रका लागि आवश्यक पर्ने प्राविधिक सीपयुक्त जनशक्ति तयारी गर्न क्रमशः प्राविधिक विद्यालयको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

24. दिगो विकास लक्षलाइ हासिल गर्ने गरि शिक्षाका सवै कृयाकलापहरुलाइ सचालन गर्ने नीति अवलम्बन गरिने छ।

25. उपरोक्त नीतिहरुको कार्यान्वयनका लागि नेपाल सरकार तथा प्रदेश सरकारको सशर्त अनुदानका अतिरिक्त नगरपालिकाबाट थप रु एक करोड पाँचलाख वजेट विनियोजन गरेको छु।